नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
साईबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-४२१९०४४
Ext:

Email: cyberbureau @nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ
मिति: २०७७-११-१६ गते ।

# प्रेस विज्ञप्ती

## साईबर ब्यूरोको लोगो दुरुपयोग गरी नक्कली फेसबुक पेज बनाउने व्यक्ति पक्राउ ।

प्रहरी प्रधान कार्यालय साईबर ब्यूरोको आधिकारीक लोगो दुरुपयोग गरी नक्कली फेसबुक पेज खोली उक्त पेजको म्यासेन्जरबाट आम सर्वसाधारणसँग प्रहरी प्रधान कार्यालय साईबर ब्यूरो, भोटाहिटी काठमाण्डौबाट प्रहरीले कुरा गरेको जस्तो भान पार्ने र आपराधिक लाभ समेत असुल गर्ने नियतका साथ अमन चयन र शान्ति सुव्यवस्था कायम गर्न कटिवद्ध भई अहोरात्र खटिने पवित्र संगठन नेपाल प्रहरीको छविलाई बदनाम गर्ने र संगठन प्रति आस्थावान आम नागरिकहरुलाई भ्रमित पारी आपराधिक कार्य गर्ने जिल्ला कपिलबस्तु वाणगंगा नगरपालिका-२ घर भई हाल जिल्ला रुपन्देही सैनामैना नगरपालिका-६ बस्ने बर्ष १८ को प्रज्वल पोखेलले विद्युतिय कारोबार ऐन २०६३, अन्तर्गतको कसुर गरेको पाईएको हुँदा सम्मानीत जिल्ला अदालत काठमाण्डौबाट पक्राउ अनुमती लिई जिल्ला प्रहरी कार्यालय रुपन्देहीको सहयोगमा मिति २०७७/११/१३ पक्राउ गरी थप अनुसन्धान भई रहेको ।

प्रवक्ता एवं सूचना अधिकारी
(नविन्द अर्याल)
प्रहरी बरिष्ठ उपरीक्षक